# सर्भर खरिदको लागि बोलपत्र आब्हान गरिएको सूचना

*प्रथम प्रटक प्रकाशित मिति २०७८।०५।२४ गते*

यस धौलागिरी लघुवित्त वित्तीय संस्था लि. को आ.व २०७८।०७९ को स्विकृत बार्षिक कार्यक्रम अनुसार सर्भर खरिद तथा जडान गर्नुपर्ने भएकाले ईच्छुक कम्पनिहरुलाई दर्ता प्रमाण पत्र,मूल्य अभिवृद्धि भ्याट प्रमाणपत्र, आ.व २०७७।०७८ को करचुक्ता प्रमाण पत्र , आफु प्रतिष्प्रधामा भाग लिन अयोग्य नरहेको स्वघोषण पत्र, प्रतिनिधी मनोनयन गरिपठाएको पत्र साथै अन्य मान्यता प्रमाण पत्रका कागजात सहित बोलपत्र आब्हान गरिएको छ ।

१) बोलपत्र सम्बन्धि कागजात यो सुचना प्रत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र पेश गर्नु पर्ने छ । यस कार्यालय बाट बोलपत्र फारम शुल्क रु १०००। अक्षरुपी एक हजार मात्र बुझाई बोलपत्र फारम प्राप्त गर्न सकिने छ ।

२) सार्वजनिक खरिद कानुन बमोजिम कालो सुचिमा परेको कम्पनी तथा प्रचलीत कानुन बमोजिम गलत कार्य गरी कारवाहीमा परेकाले उक्त बोल पत्रमा सहभागि हुन पाईने छैन । आफु योग्य रहेको ब्यहोरा सहितको स्वघोषणा पत्र बोलपत्रसँगै पेश गर्नु पर्नेछ ।

३) बोलपत्र पेश गर्दा प्रथम पटक प्रकाशित भएको मितिले १५ औ दिन कार्यालय समयभित्र, यस कार्यालय लाई सम्बोधन गरी के कामका लागि फारम पेश गर्न लागिएको हो सो कामको बिबरण नाम ठेगाना फोन नं. समेत खुलाई आधिकारीक ब्यक्ति द्धारा सिलबन्दि बोलपत्र यस कार्यालयमा दर्ता गराउन सकिने छ । दर्ता हुन आएको बोलपत्र फारम कार्यालय प्रमुखको दस्तखत साथै कार्यालयको छाप लागेको हुनु पर्नेछ ।

४) स्पेशीफिकेसन अनुसारको सामानहरु खरिद आदेश पाएको मितिले सम्झौता अनुसार संस्थाले तोकेको क्षेत्र वा यस संस्थाको केन्द्रिय कार्यालयमा जडान कार्य सम्पन्न गर्नु पर्ने छ ।

५) कार्यालयले तोकेको मितिमा बोलपत्र खोल्ने समयमा सार्बजनीक बिदा पर्न गएमा सो पछि कार्यालय खुल्ने दिनलाई नै आधिकारीक मिति मानिनेछ ।

६) बोलपत्रमा सहभागी हुनका लागि बिडवण्ड यस कार्यालयको एन आई.सी एसिया शाखा कार्यालय बागलुङ्मा रहेको खाता न मा कुल लागत रकमको ५ प्रतिशत जम्मा गरेको सक्कल भौचर संलग्न राख्नु पर्ने छ ।

७) बोल पत्र पेश गर्दा मुल्य अभिवृद्धि कर बाहेकको दर पेश गर्नु पर्नेछ ।

८) बोलपत्र फारममा उल्लेखित सम्पुर्ण आईटमहरुको दररेट अनिबार्य रुपमा उल्लेख गर्नु पर्नेछ । आंशिक रुपमा भर्न पाईने छैन ।

९) बोलपत्र पेश गर्दा Authorissrd Companay बाट उत्पादित गुणस्तरीय सामग्रीहरु मात्र हुनु पर्ने छ ।

१०) बोलपत्र पुरै आंशिक रुपमा स्वीकार गर्ने वा अस्विकार गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

११) बोलपत्र संगै सोघोषणापत्र समावेश साथै खरिद कारबाहिमा भाग लिन अयोग्य नभएको स्वार्थ नबाझि र ब्यबसाय सम्बन्धि कसुरमा सजाय नपाएको भन्ने लिखित घोषणा गरेको कागजात बोलपत्र साथ अनिबार्य रुपमा संलग्न गर्नुपर्नेछ ।

१२) यस सुचनामा उल्लेख हुन छुट भएका कुराहरु कार्यलयबाट उपलब्ध गराईएको बोलपत्र कागजात अनुसार र अन्य कुराहरुको हकमा सार्वजनीक खरिद ऐन २०६३ तथा सावजनिक खरिद नियमावली २०६४ एवम प्रचलित ऐन नियमानुसार हुनेछ ।


**धौलागिरी लघुवित्त वित्तीय संस्था लि.**

**Dhaulagiri Laghubitta Bittiya Sanstha Limited**

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजत पत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था

केन्द्रिय कार्यालय बा.न.पा.-२ श्रीनगरटोल, बागलुङ, फोन नं. ०६८-५२०९०५/५२४३५१

Email: dlbs.itdep076@gmail.com | dlbs.gsdepart@gmail.com

www.dhaulagiribank.com